स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता सलमान खानलाई फेरि ज्यान मार्ने धम्की आएको छ। लरेन्स बिश्नोई गिरोहको नामबाट मुम्बई ट्राफिक प्रहरीलाई धम्कीपूर्ण सन्देश आएको छ। धम्कीमा सलमान खानलाई मन्दिरमा गएर माफी माग्न वा पाँच करोड भारु दिन भनिएको छ। धम्कीमा अभिनेतासामु दुई विकल्प स्रोतहरुका अनुसार मुम्बई प्रहरीलाई लरेन्स बिश्नोई गिरोहबाट सलमानलाई धम्कीपूर्ण सन्देश आएको छ। धम्कीमा अभिनेतालाई दुईवटा विकल्प दिइएको छ।

**आजको विचार...**



कृष्ण बोहरा

परिवर्तनका... (दुई पेजमा)



कलाकारलाई आफ्नो फिल्मको प्रमोसनको सधैँ प्रतीक्षा रहन्छ। किनभने कार्यक्रमले उनीहरुलाई मिडियाको अगाडी उभ्याउँछ। जसका माध्यमबाट उनीहरु सर्वसाधारणसम्म पुग्न सफल हुन्छन्। तर, कलाकार प्रकाश सपुत भने आफू अभिनीत फिल्म "पूर्णबहादुरको सारङ्गी"को कार्यक्रम देखिएनन्। पछिल्लो समय "पूर्णबहादुरको सारङ्गी" युनिटसँग प्रकाशको असन्तुष्टि बढेको हल्ला बाहिर छ। बिहीबार आयोजित फिल्मको ट्रेलर रिलिज कार्यक्रममा प्रकाशको अनुपस्थितले उक्त हल्लालाई बल पुगेको छ।

❒ वर्ष ३० ❒ अंक १०३ ❒ २०८१ कार्तिक २१ गते बुधबार 6 November 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### रविलाई हिरासतमा राख्न म्याद थप

**पाल्पा,** कार्तिक २०/सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धानका लागि हिरासतमा रहेका रास्वपा सभापति रवि लामिछानेलाई १० दिन हिरासतमा राखेर अनुसन्धान गर्न कास्की जिल्ला अदालतले म्याद थप गरेको छ । जिल्ला अदालत कास्कीका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले मंगलबार लामिछानेलाई थप १० दिन थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको हो । लामिछानेसँगै गोर्खा मिडिया नेटवर्कका अर्का सञ्चालक पूर्वडीआईजी छविलाल जोशी, उस्तै कसुरमा पक्राउ परेका लीला पछाईं र रामबहादुर खनाललाई पनि १० दिन हिरासतमा राख्न म्याद थप गरिएको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**पाल्पा,** कार्तिक २०/जिल्लाको तानसेन नगरपालिका- ८ गौडेस्थित सिद्धार्थ राजमार्गमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मंगलबार बुटवलबाट पाल्पातर्फ आँउदै गरेको लु ८८ प ६६५६ नम्बरको मोटरसाईकल दुर्घटना हुँदा मोटरसाईकलको पछाडी सवार तानसेन- ७ प्रभासकी २७ वर्षीया सावित्रा थापाको मृत्यु भएको हो । मोटरसाइकल आफै अनियन्त्रीत भई खोलामा खस्न जाँदा थापा गम्भीर घाइते भएकी थिइन् । उनको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्दिप बेल्वासेले जानकारी दिए । दुर्घटनामा मोटरसाईकल चालक प्रभासका ४३ वर्षीय ईन्द्र बहादुर गाहा गम्भीर घाइते भएका छन् । उनको लुम्बिनी मेडिकल कलेजमा उपचार भइरहेको छ ।

# लुम्बिनी प्रदेशको स्वास्थ्य क्षेत्र सुधारोन्मुख

## पदमा रहेसम्म स्वास्थ्य क्षेत्रको सुधारमा लाग्छु : मन्त्री सारु

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक २०/सबै भन्दा महत्वपूर्ण क्षेत्र भनेकै स्वास्थ्य हो । तर विगतमा यही स्वास्थ्य क्षेत्र प्रदेश र केन्द्रीय सरकारको नजरमा सधै उपेक्षामा पर्दै आयो ।

सत्तामा पुग्ने राजनीतिक दलहरुको पनि सकभर स्वास्थ्य मन्त्रालय छनौटमा पर्न सकेन । बरु जहाँ धेरै बजेट चलाउन पाइन्छ, ति मन्त्रालहरु उनीहरुको रोजाई बन्न पुग्यो । जसले गर्दा स्वास्थ्य क्षेत्रमा कहिल्यै सुधार आउन सकेन । तर अहिले लुम्बिनी प्रदेशमा चेतनारायण आचार्यको नेतृत्वको सरकारमा रहेका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले भने स्वास्थ्य सेवामा थुप्रै सकारात्मक प्रयासहरु गरेका छन् । मन्त्री सारुले शपथ लिएलगत्तै स्वास्थ्य क्षेत्रलाई व्यापक सुधार गर्ने गरी सक्रिय रुपमा लागेका छन् । उनको सक्रियताले प्रदेशको स्वास्थ्य क्षेत्र सुधारोन्मुख देखिएको छ ।

मन्त्री सारुले क्यान्सर, मुटुको भल्भ फेर्न र मृगौला प्रत्यारोपण गर्नुपर्ने बिरामीलाई प्रदेश सरकारले दिने २ लाख सहयोग रकम सम्बन्धी जिल्ला स्वास्थ्य कार्यालयबाटै पाउने व्यवस्था गरेका छन् । यसले प्रदेश स्वास्थ्य मन्त्रालय धाउनु पर्ने बाध्यताको अन्त्य गरेको छ । यस्तै यस प्रदेशमा उच्च रहेको महिला, बालबालिका तथा किशोरीहरुमा कुपोषणको अवस्था







सुधारका लागि कार्यविधि निर्माण, कुष्ठरोग र हात्तिपाइलेका कारण अपाङ्गता भएका नागरिकहरुप्रतिको भेदभाव अन्त्य तथा जिविकोपार्जन र आत्मनिर्भरता अभिवृद्धिका लागि स्वयं हेरचाह सम्वन्धी कार्यविधी स्वीकृत गरी कार्यान्वयनमा लगिएको छ ।

मन्त्री सारूले प्रदेशभरीका सरकारी अस्पताल र प्रयोगशालाहरूमा रक्त परीक्षण, एक्सरे र भिडियो एक्सरे लगायतका सेवामा लाग्ने शुल्क दरमा एकरुपता ल्याउने र बिस्तारै निजी क्षेत्रका स्वास्थ्य संस्थाले लिने परिक्षण शुल्कहरूमा समेत एउटै दररेट लागु गर्ने प्रयास गरेका छन् । उनले कार्यभार सम्हालेको एक सय दिनमा स्वास्थ्य क्षेत्रमा मुख्य १९ वटा काम सार्वजनिक गरेका छन् । मन्त्री सारुले सो अवधिमा ५५ वटा काम अगाडि सारे पनि मुख्य रुपमा १९ वटा काम उपलब्धिका रुपमा सार्वजनिक गरेका हुन् ।

उनले स्वास्थ्य बीमालाई प्रोत्साहित गर्न प्रदेशका १३ अस्पताल, १२ स्वास्थ्य कार्यालय र १३ आयुर्वेद स्वास्थ्य संस्थाहरूमा कार्यरत २ हजार ६४ जना कर्मचारी र परिवारका सदस्यहरूको स्वास्थ्य बीमा गराई अभियानको सुरुवात गरेका छन् । यस अवधिमा कोभिड १९ बाट मृत्यु भएका दाङका ५१ र पाल्पाको १५ परिवारलाई प्रति परिवार एक लाख सहयोग उपलब्ध गराइएको छ । सेवाग्राहीलाई सरकारी अस्पतालबाट छिटो छरितो गुणस्तरिय स्वास्थ्य सेवा सुनिश्चितताको लागि सरकारी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले निजी क्लिनिक तथा अस्पतालहरुमा निजी अभ्यासको क्रममा सरकारी कार्यालयको नाम र पदको प्रयोग गर्ने अवस्थाको अन्त्य गर्ने कार्यलाई कार्यान्वयनमा ल्याईएको र निजी अभ्यासको लागि पूर्व स्वीकृती लिनुपर्ने अनिवार्य व्यवस्था गरिएको सार्वजनिक गरिएको उपलब्धिमा उल्लेख छ । बिरामीको अत्याधिक चाप हुने अस्पतालहरूमा डिजिटल प्रविधिबाट टिकट लिने, टोकन प्रणाली र बीमा काउन्टर सेवा सञ्चालन गरिएको छ । मातृ शिशु सम्बन्धी सुचांक न्यून रहेका जिल्ला अर्घाखाँची, कपिलवस्तु र रूपन्देहीका अस्पतालहरूमा सेवा सुदृढिकरणको प्रयास गरिएको छ । यस्तै भूगोलमा आधारित फरक खालका सिकलसेल एनिमिया बालेसिमियाको समस्या समाधान गर्न प्रदेश सरकारले विशेष ध्यान दिएको ।

प्रदेश राजधानीमा गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन सुविधा सम्पन्न प्रादेशिक भालुवाङ अस्पताल, भालुवाङ सञ्चालनको लागि जनशक्ति पदपुर्ति गरि सेवा सञ्चालनको लागि प्रक्रिया अघि बढाइएको छ । प्रदेश गौरवको आयोजनाको रुपमा रहेको लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलको बाह्र सय शैयाको बाह्र तले भवन २०८५ साल पुष सम्म निर्माण सम्पन्न गर्ने गरी काम अगाडि बढेको छ ।

**'पदमा रहेसम्म स्वास्थ्य क्षेत्रको सुधारमा लाग्छु'**

स्वास्थ्य मन्त्री सारुले आफु पदमा रहेसम्म स्वास्थ्य क्षेत्रको सुधारमा लाग्ने बताएका छन् ।

-बाँकी अन्तिम पेजमा...

## मुख्यमन्त्री आचार्यसहितको टोली चीन जाँदै



**लुम्बिनी,** कार्तिक २०/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य सहितको टोली चीन भ्रमणमा जान लागेको छ । यही कात्तिक २६ देखि २८ गतेसम्म चीनको सिछुआन प्रान्तमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन मुख्यमन्त्रीसहित सात सदस्यीय प्रतिनिधिमण्डल चीन भ्रमणमा जान लागेको हो ।

चीन भ्रमण र छलफलको तालिका मंगलबार देउखुरीमा बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको छ । सम्मेलनमा भाग लिन मुख्यमन्त्री आचार्यसहित आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थलगायत ७ सदस्यीय टोली चीन जानेछ । भ्रमणले लुम्बिनी प्रदेश सरकार र चीनको सिचुआन प्रान्त बीच पारिस्परिक सहयोग तथा सद्भाव थप अभिवृद्धि गर्ने विश्वास लिइएको छ । भ्रमणको क्रममा लुम्बिनी प्रदेशको समग्र विकासका योजनालाई अघि बढाउन र द्विपक्षीय सहयोग एवं सहकार्यका बारेमासमेत उच्चस्तरीय भेटवार्तामा केन्द्रित हुने जनाइएको छ । लुम्बिनी प्रदेश सरकार र सिछुआन प्रान्तबीच पारिस्परिक सहयोग तथा सद्भाव थप अभिवृद्धि गर्ने उद्देश्यले २०७६ सालमा भगिनी सम्बन्ध कायम भएको थियो । कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा लुम्बिनी प्रदेश सरकार र सिचुआन प्रान्तबीच सहयोग आदानप्रदान गर्ने समझदारी भएको हो ।

## तानसेनमा 'युवाको प्रश्न नेतृत्वसँग' विषयक खुला बहस हुँदै

**पाल्पा,** कार्तिक २०/तानसेनमा 'युवाको प्रश्न नेतृत्वसँग' विषयक खुला बहस हुने भएको छ । पाल्पा जेसिजको आयोजनामा यही कार्तिक २३ गते शुक्रबार पाल्पा दरबार संग्राहालय परिसरमा स्थानीय सरकार र युवाबिच खुला बहस हुन लागेको हो ।

जेसिजले मंगलबार पत्रकार सम्मेलन गरी कार्यक्रमबारेमा जानकारी गराएको छ । जेसिजका जिल्ला अध्यक्ष जेसी अर्जुन कार्कीले स्थानीय सरकारसँग सवाल, नीति निर्माणका लागि आधार तयार गर्ने उद्देश्यले जिल्लामै पहिलो पटक खुला बहस कार्यक्रम गर्न लागिएको बताए । उनले भने 'स्थानीय तह र युवाबिच विकासका गतिविधिका बारेमा प्रत्यक्ष साक्षात्कार गराउन, युवा र जनप्रतिनिधिबिच दुरी कम गराउन जनप्रतिधिहरुलाई युवा लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयनमा दवाब सिर्जना गराई युवामैत्री कार्यक्रम सञ्चालनको वातावरण निर्माण गराउन बहस सञ्चालन गर्न लागेका हौं ।'





कार्यक्रममा युवाहरुले आफ्ना स्थानीय तहका प्रमुखहरुसँग प्रत्यक्ष संवाद गर्ने वातावरण निर्माण गरिने अध्यक्ष कार्कीले बताए । बहसमा युवाले पालिकाको युवा लक्षित कार्यक्रम सहित समग्र क्षेत्रका विकासका गतिविधि बारे खेलेको भूमिका बारे विचार राख्ने ऐतिहासिक अवसर प्राप्त हुने जनाइएको छ । बहस कार्यक्रममा पाल्पा क्षेत्र नं. २ मा रहेका पालिका प्रमुखहरु सहभागी हुने छन् । जसले युवाहरुको प्रश्नको जवाफ दिने अध्यक्ष कार्कीले बताए । कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष रेखीराम रानाले जेसिजले सञ्चालन गर्न लागेको बहस कार्यक्रम रचनात्मक र सिर्जनात्मक रहेको बताए । उनले स्थानीय सरकारलाई युवा र आम जनताप्रति जागरुक गराउन बहस कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । अध्यक्ष रानाले बहसमा जिम्मेवारीपूर्व प्रश्न सोध्ने वातावरण सिर्जना गर्न जेसिजलाई आग्रह समेत गरे ।

-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जनतामा आशा जगाऊ

हिन्दु नेपालीहरुको दसैं र तिहार जस्ता महान पर्वहरु घर आगनबाट विदा भइसकेका छन् । विहीबार छठ पर्व मनाएसँगै यस वर्षाका महानपर्व सकिने छन् । करिब एक महिना जति लामो समय मानिसहरु दुख, पीर, मर्काहरु विर्सिएर चाडपर्व मनाउनमै व्यस्त रहे । अब सबै आ–आफ्नो कार्यस्थलतर्फ फर्किन थालेका छन् । चाडपर्वले दुख भुलाइदिए पनि त्यो केही छिनलाई मात्र हो । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आए पनि अझै पनि आम जनाता निराशै निराशमा जीवन जिउन बाध्य छन् ।

राजनीतिक दल र सरकारबाट जनअपेक्षा अनुसार काम नहुँदा जनतामा निराशा छाएको छ । संघीय शासन प्रणाली आएपछि नेताहरूको चरित्र र आचरणमा सुधार आई विशुद्ध समाजसेवामा आफुलाई समर्पित गराउन्छन् भन्ने विश्वास जनतामा थियो । तर, जनताका यी सबै आशा र विश्वासलाई राजनीतिक नेतृत्वले लगातार कुठाराघात गर्दै आइरहेका छन् । जसका कारण राजनीतिप्रति आमजनताको वितृष्णा बढ्दो छ । प्रमुख राजनीतिक दल र तिनका नेताहरूले गरेका गलत कार्यका कारण मुलुकको विकास, सुशासन र समृद्धिको मार्ग कमजोर बन्दै गइरहेको छ । आमजनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारीको विषयलाई राजनीतिक दल र नेताहरूले कहिल्यै पनि प्राथमिकतामा राख्न सकेनन् । आफ्नै स्वार्थ सेक्ने, स्वार्थ र अवसरका लागि जस्तासुकै हर्कत गर्न पनि पछि नपर्ने प्रवृत्तिले नेपालको राजनीतिलाई विकृत र कमजोर बनाइदिएको छ । अब जनतामा रहेको व्याप्त निराशालाई चिर्न राजनीतिक दल र सरकार सक्रिय भएर लाग्न ढिलाई गर्नु हुँदैन ।

जनतामा आशा जगाउन पनि अहिलेको सरकारका मन्त्रीहरु तथा कर्मचारीतन्त्रले अहोरात्र नै काममा खट्नुको विकल्प छैन । अन्यथा सरकारको असफलतासँगै प्रमुख राजनीतिक दलहरुसमेत पतनको मार्गमा जाने निश्चित छ । यो सरकारलाई काम गर्न सकेनौ भन्ने छुट किमार्थ पनि छैन । केपी ओली नेतृत्वको सरकारले सय दिनमा लक्ष्य लिएका मध्ये ७० प्रतिशत काम सम्पन्न भएको दाबी गरे पनि सरकारको प्रभावकारिता जुनरुपमा देखिनुपर्थ्यो त्यो रुपमा देखिन नसकेको साँचो हो । सरकारका केही अपवादबाहेक धेरै मन्त्रीहरु पुरानै सरकारको जस्तै यथास्थितिवादी चरित्रका देखिएका छन् । केही अपवादलाई छोडेर मन्त्रीहरु आफ्नो जिम्मेवारी अनुसारको बिजनेसलाई जनताको पक्षमा लैजानभन्दा पनि आफ्नै स्वार्थ पूरा गर्न लागिरहेका छन् । यो अत्यन्त दुखको कुरा हो । देशका ठूला राजनीतिक दलहरु एकै ठाउँ उभिएका बेला जनताको पक्षमा काम गर्ने ठूलो अवसर पनि छ । यसर्थ जनतालाई आशा जगाउने गरी काम गर्ने दिशामा अहिले सरकार र राजनीतिक दलहरु गम्भीर भएर लाग्न जरुरी छ ।

### Opinion @ Social Network

सफलता भन्दा सन्तुष्टि राम्रो हुन्छ तिमी कति सफल छौ भन्ने निर्णय अरुले गर्छ तर तिमी कति सन्तुष्ट छौ भन्ने निर्णय तिमी आफै गर्छौं ।

(*सम्झना क्षेत्रीको फेसबुक स्टाटस* *https://www.facebook.com/Samjhana.123*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# परिवर्तनको बाधक



**कृष्ण बोहरा**

संसार परिवर्तनशिल छ । समाज परिवर्तनशिल छ । हरेक बस्तु र घटनाहरु परिवर्तनशिल छन् । निरन्तर परिवर्तन हुनु नै प्रकृतिको नियम हो। यसैले यथास्थितिवाद संसारका नियमहरुको बर्खिलाप छ । तर यसो भन्दैमा खुरु खुरु परिवर्त हुन मात्र दिने सजिलो अवस्था छैन । यसमा पुरानाहरुले सवै कुरालाई पुरानै रुपमा राखिरहन खोज्ने शक्ति र प्रवृत्ति पनि यहाँ बिद्यमान छन् भन्ने कुरालाई हामीले गौर गरेर बुझ्नुपर्छ। यो हाम्रो बिकासका नियमहरुमा लागू हुन्छन्। समाज बिकासमा लागु हुन्छ । बिज्ञान र प्रविधिको क्षेत्रमा लागू हुन्छन् । राजनीतिमा पनि लागू हुँदै आइरहेका छन्। यसैले यो भन्न सकिन्छ कि परिवर्तनका नियमहरु सर्बव्यापी छन् । यसैले जो यसको बिरुद्ध जान्छ उसलाई यथास्थितिबादी भन्न सकिन्छ। राजनीतिमा यथास्थितीबादी र परिवर्तनकारी शक्ति भनि यसैले छुट्याउनु परेको हो ।

यथास्थितिवादी र परिवर्तनवादी शक्तिको बीचमा जहिलेपनि द्वन्द्व भइरहन्छ । यही दुई शक्तिको बीचमा द्वन्द्व भएरै अहिलेसम्म परिवर्तनका अवयबहरु श्रृंखलाबद्ध रुपमा अगाडि बढेर यहाँसम्म आइपुगेको हो । म हाम्रो देशको राजनीति भित्र यही परिवर्तनकामी र यथास्थिति चाहने बिचको टकरावको श्रृङ्खलाहरुलाई यहाँ राख्न चाहन्छु ।

**राजतन्त्र :** राजतन्त्र भित्रपनि पृथ्वी नारायण शाह एउटा कुसल राजनीतिज्ञ र परिवर्तनकामी राजा थिए । उनले परम्परागत रुपमा भाइ अंश लगाई टुक्रिएर कमजोर भएका राज्यहरुलाई एकजुट बनाई एउटै राज्य बनाउने सोचले काम गरे ।

नेपाल मण्डल भित्रका यसैगरी टुक्रिएका अरु राज्यलाई पनि एकीकरण गरी एउटा बलियो राज्य बनाउनु त्यस बेलाको समयको माग थियो। किनभने नजिकै भारतमा संसारभर साम्राज्य फैलाउँदै गैरहेको अंग्रेजको शासन थियो । उनीहरुबाट नेपाललाई बचाउनु पनि थियो। बलियो र एकीकृत राज्य बिना यो काम गर्न सकिँदैन थियो। उनले नेपालको एकीकरण गरि बलियो र ससक्त राज्य बनाएको देखिन्छ । अंग्रेजलाई नेपाल खानबाट बचाएको नै देखिन्छ । यस दृष्टिकोणवाट नियाल्दा पृथ्वी नारायण शाहलाई दक्षिण एसियाका साम्राज्यवाद बिरोधी नेता थिए भन्न सकिन्छ । पृथ्वी नारायण शाहको नीति पनि देश र जनताको हित अनुकुल भएको देखिन्छ । म उनको दिव्य उपदेशलाई पनि यहाँ राख्न चाहन्छु ।

-आर्थिक नीतिको सम्बन्धमा, खानी भएको ठाउँमा गाउँ छ भनेपनि त्यसलाई सारेर खानी चलाउनु । कपडा बन्न जान्नेलाइ नमूना बनाई देखाइदिनु । आफ्नो देशको जडीबुटी देश लैजानु र नगद षैचनु । प्रजा मोटा भया दर्वावार बलियो रहन्छ । राजाका भण्डार भन्याका रैतानहरु हुन ।

**आन्तरिक नीति :** अन्याय मुलुकमा हुन नदिनु । निञा निसाप बिगान्या भन्याको घुस लिन्या र घुस षान्या हुन। इन दुईको ता धन जीव गरी लियाको पनि पाप छैन, यी राजाका महासतुर हुन् ।

**बिदेश नीति :** यो राजे दुई ढुंगाको तरुल जस्तो रहेछ । चीन बादशाहसँग ठूलो घाहा राख्नु । दषिण समुद्रको बादशाहसँग पनि घाहा त राख्नु । तर त्यो माहाचतुर छ । हिन्दुस्थाना दबाईराख्या छ । सरजिमीमा परिरहेछ। हिन्दुस्थान जाग्यो भनि कठिन पर्नेछ भनि किल्ला खोज्न आउन्याछ । माथिको भनाइबाट बिचार गर्दा पृथ्वी नारायण शाह त्यस जमानाका परिवर्तनकारी राजा थिए। तर उनी पछि उनका सन्तानहरुले उनका उपदेशहरुलाई बेवास्ता गरी चलेको देखिन्छ । राजा महेन्द्रको समयमा पू:न पृथ्वी नीतिलाई अनुसरण गरेको भन्न सकिन्छ । राजा महेन्द्रको २०१७ शाल पछिका दश बर्षहरुमा उद्योग धन्दाहरुको व्यापक रुपमा स्थापना भएको देखिन्छ । संसारका थुप्रै देशहरुसँग कु टनीतिक सम्बन्ध स्थापनाका कारण नेपाल एउटा अखण्ड र असंलग्न राष्ट्रको रुपमा संसारको सामु चिनाउन पनि सफल भएको कुरा कतै नछिपेको तथ्य हो । पूर्ब पश्चिम राजमार्गलगायत देशका महत्वपूर्ण राजमार्गहरु यसै बेला बनेको हो । शिक्षा क्षेत्रमा त्रिभुवन बिश्वबिद्यालयको स्थापना यसैबेला भएको हो । उत्तरी सिमानामा १७ ठाउँमा रहेको भारतिय सेनाका चेकपोष्टहरु यसैबेला हटाइएको थियो ।

किसानको हितमा मोहियानी हकको स्थापना र जमिन्दारहरुलाई जमिनको हदबन्दी तोकिएको थियो । वास्तवमा यी कामहरु राजा महेन्द्रले उत्तरी छिमेकी देश चीनका शासक माओको सल्लाह बमोजिम गरिएको भन्ने छ । जे भएपनि राजा महेन्द्रले पृथ्वी नारायण शाहको उपदेश हुबहु लागू गरेको मान्न सकिन्छ। यिनी पछि यीनका छोरा वीरेन्द्र पनि भद्र र जनताको हित अनुकुल शासन गर्नुपर्छ भन्ने राजा नै थिए ।

बिश्व सामु नेपाललाई शान्ती क्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताब राख्नु र असंलग्न परराष्ट्र नीतिलाई बलियोसँग अपनाउन कोसिस गर्नु राजा वीरेन्द्रको स्वाधीन राष्ट्रको रुपमा नेपाललाई उभ्याउने प्रयास थियो । तर यो बेलासम्म परिस्थिति निकै परिवर्तन भैरहेको थियो। संसारभर लोकतन्त्रको हावा चलिरहेको समय थियो । लोकतान्त्रिक आन्दोलनलाई पनि राजा वीरेन्द्रले दवाउन चाहेको थिएनन । पुन: माओबादी आन्दोलन दबाउने नाममा सेना परिचालन गरी नेपाली जनता मार्ने काममा पनि उनी इच्छुक देखिएनन् । भाइ ज्ञानेन्द्रले भने परिस्थितिलाई यथास्थानमा राख्न चाहेका थिए । यही बेला राष्ट्रिय र अन्तर्राट्रिय यथास्थितीबादी शक्ति मिलेर राजा वीरेन्द्रको बंश नास गरेको अनुमान सबैले गरेका छन् । राजा ज्ञानेन्द्रको शासन र सात दल राजा ज्ञानेन्द्र जुन समय निकै शक्तिशाली थिए ।

वीरेन्द्रको बंशनास पछि श्रीपेज पहिरेका उनले भन्ने गरेका थिए, "म दाजु जस्तो शासक होइन ।" कडाईकासाथ निरंकुश शासन गर्ने उनको भनाइको आसय थियो । तत्कालीन सात दलमा पनि निरासा र कुण्ठा बाहेक केही बाँकी थिएन । संबैधानिक राजतन्त्र कालमा जनताका अपेक्षा पूरा गर्नतिर भन्दा पजेरो संस्कृति र भ्रष्टाचारमा रमाइरहेका शासकहरुलाई ज्ञानेन्द्रले सबक सिकाइरहेका थिए । राजालाई दाम चढाउने र प्रधानमन्त्रीका लागि नारायणहिटीमा निबेदन हाल्ने तहमा नेताहरु बर्लिएका थिए । यसबाट के भन्न सकिन्छ भने ज्ञानेन्द्र जति यथास्थितिको पक्षपाती थिए त्यति सात दल पनि थिए भन्न सकिन्छ । मदन भण्डारी र मनोमोहन जीबित रहँदाको कार्यकाल छोडेर संबैधानिक राजतन्त्रको त्यो समयलाई नियाल्ने हो भने यस्तै देखिन्थ्यो । सात दलका बिरोध कार्यक्रमहरुमा मानिसहरु भेला हुनै छाडेका थिए। कारण जनतामा दलप्रति कुनै आशा भरोसा मरिसकेको अवस्था थियो । मओवादीसँग सातदलको सहकार्य

ज्ञानेन्द्रले लात हान्न थालेपछि गिरिजाप्रसाद कोइरालाले माओबादीसँग सहकार्यको प्रस्ताव पठाए। माओवादी नेता प्रचण्डले गिरिजालाई, "तपाईं राजा नभन्नुस् म बहुदललाई स्विकार गर्छु भन्ने सन्देश पठाए ।" यसपछि भएको दोश्रो जनआन्दोलनले पुन: दलहरुको शासन आयो । बिस्तारै राजा फालिए, गणतन्त्र आयो । यस बेलाको परिबेश सम्म सात दल पनि यथास्थितीबाट परिवर्तनकामीको रुपमा रुपान्तरित भएको भ्रम नेपाली जनतालाई परेको थियो ।

गणतन्त्र आएपश्चात भएको चुनाउबाट माओबादी पार्टीले बहुमत ल्याएसम्म माओबादी पार्टी यथास्थितिकरणाको बिपक्षमा र परिवर्तनकामी शक्तिको रुपमा देखिन्थ्यो । तर राष्ट्रपतिको चुनाउमा गिरिजा प्रसाद कोइरालालाई समर्थन नगर्ने बित्तिकै प्रचण्डको कोइरलासँग मनमोटाव बढ्यो । जसबाट चुनाउ जितेर आएपनि गिरिजाप्रसाद कोइलालाले ३ महिनासम्म प्रधानमन्त्रीको पद छोड्नै मानेनन् । उनले राखेको सर्त मान्य हुने सर्तमा मात्र प्रचण्डलाई सत्ता छोड्न राजी भए । सर्बसम्मत निर्णय गर्ने परिपाटीलाई बदलेर बहुमतको निर्णय गर्ने परिपाटीलाई मान्नुपर्ने सर्त थियो । यसपछि भने माओबादी पार्टीलाई पनि संसदीय व्यवस्था फलामको चिउरा चपाए सरी भयो । पुराना दलहरु यथास्थितीकरण चाहन्थे माओबादीले अग्रगमन त भनेको थियो तर यो कस्तो हो ? व्यबहारमा नदेखिकन माओबादी पार्टीमा पनि बिखण्डन सुरु भयो । यसपछि भने माओबादी पार्टी पनि कमजोर भयो र यथास्थितिकरणमै रमाउन थालेको महसुस सबैले गरेका थिए । हर्क, बालेन र गोपी हमालको उदय नेपालको राजनीतिमा हर्क, बालेन र गोपी हमालको उदय भयो । यो स्थानीय निकायमा पूर्व मध्य र पश्चिम नेपालमा समेत सबैतिर प्रभाव पर्नेगरी नयाँ सोच र नयाँ बिचारको उदय भएको थियो ।

हर्क बालेन र गोपी हमाल देखिँदा व्यक्ति देखिएतापनि यिनीहरुको आगमन जनआक्रोशको बिस्फोटन थियो । निश्चित बिचार र सिद्धान्तले परिपक्व नभएपनि यो राजनीति र समाजलाई यथास्थितिकरण गरिराख्ने शक्तिको बिरुद्ध थियो । आजको मितिसम्म यिनीहरु यथास्तिको बिरुद्ध उभिएको नै देखिन्छ । यथास्थितिमा रमाउने शक्तिहरु अहिले पनि उनीहरुलाई यथास्थितिमा कसरी ल्याउने भन्ने कसरत गरिरहेको देख्न सकिन्छ । यसैले उनीहरु यी तीन व्यक्तिहरुको खुब बिरोध गर्छन् र रिस गर्दछन् । मिल्ने भए थुन्ने र कारवाही गर्ने सम्मको हर्कतमा यथास्थितीवादी शक्तिहरु देखिएका छन् ।

संसदमा रविको आगमन रविको रास्वापा पार्टी बालेन, हर्क र गोपी हमालको बिजयबाट उत्साहित भएर देखापरेको अर्को शक्ति हो । यो पार्टीसँग पनि बिचार र सिद्धान्त त केहि पनि छैन । उत्साह उमंग र नयाँ केही गरौं भन्ने जोस जागर चाहिँ श्रृजना भएरै आएको हो । रविका आफ्ना व्यक्तिगत कमजोरीलाई बिर्सने हो भने यसले पनि राजनीतिमा भएको यथास्थितिकरणलाई रोक्न ताकत राख्ने मनसाय यसमा भएको देखिन्छ । स्वयम् प्रचण्ड र नारायणकाजी जस्ता नेताहरुलाई संसदियय व्यबस्था भित्र बसेर केही गर्न सकिँदैन होला भन्ने मरिसकेको जागर पुन: श्रृजना गरेर रक्त संचार गरेको अनुभूति हुन्छ। नेता नारायणकाजीले आफू गृहमन्त्री हुँदा ठूला ठूला भ्रष्टाचारका फाइल खोल्नु र यसमा कारवाहीको लागि प्रयास गर्नु यसैको प्रतिफल हो भन्न सकिन्छ ।

अन्त्यमा कुनै पनि बाद र व्यबस्था आउनु नै सफलताको कसी हैन। बरु सफलता यसको कार्यान्वयन पक्ष कस्तो छ? त्यसमा भर पर्छ। ढिलासुस्ती, अनियमितता र भ्रष्टाचार माथि निर्मम नहुने हो भने चीनले कसरी प्रगती गर्न सक्थयो र सिंगापुर कसरी सिंगापुर हुनसक्थ्यो । उदाहरण यहि नै काफी छ ।

यथास्थितिकरणलाई रोक्न सक्ने क्षमता नयाँ पिढींमा जति बिकास हुनसक्छ नेपालको भविष्य त्यसमै निर्भर बन्नेछ । यसैले परिवर्तनको पक्षमा घर घर बाट उठ्नुपर्छ, हरेक पार्टीबाट जाग्नुपर्छ, बस्ती बस्तीबाट उठ्नुपर्छ । परिवर्तनको बिगुल देशैभर फुकिनुपर्छ ।

***-डिसी नेपाल डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा शान्ति छाउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । | **तुला** : धार्मिक क्षेत्रमा रुचि बढ्नेछ । यात्राको सम्भावना पनि छ । |
| **वृष** : दिन सामान्य नै रहनेछ । लत्ता कपडामा बढी धन खर्च हुने छ । | **वृश्चिक** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । सुखले प्रफुल्लित भइनेछ । |
| **मिथुन** : समयको ख्याल गर्नुपर्नेछ । यात्रा कष्टकर हुनसक्छ सचेत रहनु पर्छ । | **धनु** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । जीवन सुखमय हुनेछ । |
| **कर्कट** : प्रणयसम्बन्ध बढ्ने समय रहेको छ । कार्य सम्पादनमा सहजता पनि मिल्नेछ | **मकर** : मन खिन्न हुने स्थिति आउनेछ । राजनीतिकमा बाधा आउनसक्छ । |
| **सिंह** : यात्राका योग पनि देखिन्छन् । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **कुम्भ** : अरूको मन लोभ्याउन सकिनेछ । आतिथ्यपूर्ण सम्मान पाइएला । |
| **कन्या** : श्रमको उचित मूल्याङ्कन हुनेछ । शुभ कार्यमा सरिक भइनेछ । | **मीन** : नयाँ कमको थालनी हुनेछ । अचल सम्पत्ति हात पर्ला । |

# कला मनोरञ्जन

## 'ह्रस्व दीर्घ' जापानको १४ सहरमा प्रदर्शन हुने



कार्तिक ३० गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'ह्रस्व दीर्घ'ले जापानमा राम्रो शो पाउने भएको छ । जापानका टोकियो ,नारिएता, नागोया, फुकुओका, ओशाका, कोबे, क्योतो, सिजुओका, निगाता, ओकिनावाकालगायत विभिन्न चौधवटा सहरमा 'ह्रस्व दीर्घ' प्रदर्शन हुने भएको छ ।

नेपाल र इन्डियाका कलाकारको अभिनयका कारण राम्रो हाइप बनाइरहेको फिल्मले जापानमा राम्रो शो पाउने भएको हो । फिल्म 'ह्रस्व दीर्घ'लाई चन्द्र पन्तले निर्देशन गरेका छन् । फिल्ममा निता ढुङ्गाना, हरिहर अधिकारी, बिपना थापालगायत कलाकारको अभिनय छ । 'ह्रस्व दीर्घ'मा दक्षिण भारतीयदेखि नेपालका धेरै स्थापित कलाकारले काम गरेका छन् । दक्षिण भारतीय कलाकार ब्रह्मानन्दम, सुनील वर्माले अभिनय गरेका छन् ।

निता फिल्मस्को प्रस्तुतिमा निर्माण भएको फिल्मको कार्यकारी निर्माता धनन्जय गलानी हुन् । फिल्ममा हरिहर अधिकारी, निता ढुङ्गाना, ब्रह्मानन्दम, अली, कबीर दुहान सिंह, प्रदीप रावत, सुनिल वर्मा र प्रशान्त ताम्राकार, सञ्चीता लुईंटेल, बिपना थापा, सरोज खनाल, नरेन खड्का, गरिमा शर्मा, रवीन्द्र झा, आर्दश मिश्र, बुद्धि तामाङ र किरण केसीलगायतका कलाकारको अभिनय रहेको छ ।

अभिनेता हरिहर अधिकारीको कथा र प्रतीक पौडेल, निर्देशक पन्त र हरिहरको पटकथा तथा संवाद रहेको फिल्मलाई बलिउडका चर्चित सिनेमाटोग्राफर कबिरलालले खिचेका हुन् । यसअघि केही भोजपुरी सिनेमाको निर्देशन तथा करिब पाँच दर्जनभन्दा बढी नेपाली सिनेमामा द्वन्द्व निर्देशकको रूपमा काम गरिसकेका पन्तको यो निर्देशकीय डेब्यु नेपाली सिनेमा हो । अभिनेत्री निता ढुंगानाको लगानी निर्माण भएको यो सिनेमा नेपाली, तेलुगु र हिन्दी गरी तीन भाषामा रिलिज हुनेछ । फिल्म मनोज राठी र उज्वल पौडेलको ब्याङ्टेस इन्टरटेनमेन्ट वितरण गर्दै छ । *-रातोपाटी डटकम*

## चाडवाडका बेला दर्शकका रोजाइमा नेपाली चलचित्र




नेपाली चलचित्रका लागि चाडपर्व सुखद देखिएको छ । दसैं र तिहारमा हलसँगै 'ओभर दी टप' (ओटीटी) का विभिन्न माध्यममार्फत प्रदर्शन गरिएका नेपाली चलचित्रमा दर्शकले साथ दिएका छन् ।

विदेशीको तुलनामा नेपाली चलचित्रको व्यापार दसैं र तिहारमा उच्च रहेको चलचित्र वितरक करण श्रेष्ठले बताए । 'फिल्म हलमा नेपाली चलचित्र हेर्ने दर्शकको संख्या बढेको छ । गत दसैं हलहरुमा नेपाली चलचित्रमय बन्यो, तिहारमा पनि उस्तै देखिएको छ', उनले भने । दसैं लक्षित प्रदर्शन गरिएका 'छक्का पञ्जा-५' र '१२ गाउँ' ले बक्सअफिसमा राम्रो व्यापार गर्‍यो। चलचित्र 'ज्वाई साब' ले पनि दर्शकको साथ पायो । तिहार लक्षित प्रदर्शन गरिएको चलचित्र 'पूर्णबहादुरको सारङ्गी' ले पनि राम्रो व्यापार गरिरहेको छ । यस चलचित्रमा पहिलोपटक शीर्ष भूमिकामा देखिएका अभिनेता विजय बराल दर्शकबाट प्राप्त मायाले दंग छन् । 'दर्शकहरुले माया गर्नुभएको छ । यो मेरा लागि नौलो अनुभव हो । मलाई विश्वास गर्ने निर्माण समूह र साथ दिनुहुने दर्शक प्रति कृतज्ञ छु', अभिनेता बरालले भने । चलचित्र भवनसँगै ओटीटीमा समेत नयाँ चलचित्र प्रदर्शन गरियो । हलबाट उतारेर निर्देशक निश्चल बस्नेतले चलचित्र 'मेघौली फ्रम बेहुली' लाई ओटीटीमा ल्याए । यसले नेपाली निर्मातालाई आम्दानीको नयाँ स्रोत थपेको चलचित्रकर्मीको भनाइ छ । चलचित्र 'महापुरुष' तिहार लक्षित गरी युट्युबमा सार्वजनिक गरिएको छ। यसअघि ओटीटीमा सार्वजनिक भएको यस चलचित्रलाई दर्शककै अनुरोधमा युट्युबमा ल्याइएको निर्माता तथा कलाकार रवीन्द्रसिंह बानियाँले जानकारी दिए । उनले भने, 'चलचित्र भवन र ओटीटीपछि हामीले युट्युबमा सार्वजनिक गरेका हौं ।'

दसैं तिहारमा चलचित्र भवनमा अन्य समयको तुलनामा राम्रो व्यापार हुनुका साथै घरमै चलचित्र हेर्ने दर्शकको संख्या वृद्धि भएको छ । त्यसैले यो समयमा चलचित्रलाई दर्शकसम्म पुऱ्याउन निर्माता उत्साहित देखिने गरेका छन् । *-डिसी नेपाल डटकम*

## दसैं-तिहारमा सर्वाधिक हेरिएका नयाँ गीत



दसैं तिहारमा केही नेपाली गीतले स्रोता-दर्शकको निकै माया पाएका छन् । यसपालि पनि दसैं तिहारको छेको पारेर थुप्रै गीतहरू युट्युबमा सार्वजनिक भए। कतिपय दसैं तिहार केन्द्रित गीत रिलिज भए । फिल्मका गीतहरूदेखि अन्य अफिसियल गीत पनि यो समयमा आए । त्यसमध्ये केही गीतहरू निकै गुञ्जिए । ति गीतहरूले युट्युबमा पनि निकै राम्रो भ्युज पाए।

**रूकुम मैकोट**

दुई महिनाअघि सार्वजनिक 'रूकुम मैकोट' ले निकै चर्चा पायो। फिल्म 'खुश्मा' मा समावेश यो गीत फिल्म रिलिज भएर हलबाट उत्रिसक्दा पनि अझै चर्चामा छ । एसडी योगी र शान्तिश्री परियारको स्वर रहेको यो गीत दसैंदेखि तिहारको देउसीभैलोसम्म पनि निकै गुञ्जियो । अहिलेसम्म युट्युबको ग्लोबल ट्रेन्डिङमा समेत रहेको गीतको भिडिओको भ्युज ५ करोड नजिक पुगिसकेको छ ।

**आउँथ्यो दसैं, आउँथ्यो तिहार**

हेमन्त शर्माको 'आउँथ्यो दसैं, आउँथ्यो तिहार' यसवर्ष सबैभन्दा धेरै हेरिने दसैं तिहार गीत बन्यो । डेढ महिनाअघि सार्वजनिक गीत सुरूका दिनदेखि नै टिकटक र फेसबुक रिल्समा छाएको थियो । तिहारसम्म नै चर्चामा रहेको यो गीतको भिडिओलाई सोमबारसम्म ९२ लाखभन्दा बढीपटक हेरिएको छ ।

**बार्दली**

गायक सुशान्त केसीले इन्द्रकला राईसँगको युगल स्वरमा अघिल्लो आइतबार रिलिज गरेको गीत 'बार्दली' तिहारको समयमा निकै चर्चामा रह्यो । यसलाई तिहारको भोलिपल्टसम्म ५२ लाखभन्दा बढीपटक हेरिएको छ । युट्युबको संगीत खण्डतर्फ शीर्षस्थानमा रहेको गीत फेसबुक रिल्स र टिकटकमा समेत निकै चर्चामा छ ।

**रेशम**

प्रकाश दुतराजले मेलिना राईसँगको युगल स्वरमा दसैंको केही दिनअघि सार्वजनिक गरेको गीत 'रेशम' पनि निकै चर्चामा रह्यो । दसैंमा निकै छाएको यो गीतको चर्चा तिहारसम्मै रह्यो ।


तीन सातामै करोड क्लबमा पुगेको गीतको भ्युज अहिलेसम्म १ करोड २६ लाख नाघिसकेको छ ।

**ब्रेकअप सङ**

फिल्म 'छक्का पञ्जा ५' को 'ब्रेकअप सङ' पनि दसैं तिहारको समयमा चर्चामा रह्यो ।

बाबुल गिरीको स्वर रहेको यो गीत डेढ महिनाअघि रिलिज भएको हो । गीतको भिडिओलाई तिहारको भोलिसम्ममा २ करोड ४१ लाखभन्दा बढीपटक हेरिएको छ । दुई महिनाअघि सार्वजनिक 'म त ढले ढले' पनि दसैं तिहारको समयमा चर्चामा रह्यो। 'हियारै, दुःख साट्ल्ला, काँधिकुरी, रैया चाँदीको' इत्यादी गीतहरू पनि चर्चामा छन् । *-सेतोपाटी डटकम*

## देशैभर रेटियो 'पूर्णबहादुरको सारङ्गी'




सरोज पौडेलको निर्देशनमा बनेको चलचित्र 'पूर्णबहादुरको सारङ्गी'ले अप्रत्याशित रूपमा दर्शकको मन जितिरहेको छ । लक्ष्मीपूजाको अवसर पारेर कातिक १५ गतेदेखि देशभर एकसाथ प्रदर्शनमा आएको चलचित्रले यतिबेला चौतर्फी चर्चा पाइरहेको छ ।

पहिलो दिनमा उल्लेखनीय दर्शक नपाएको यो चलचित्रले दोस्रो दिनदेखि वर्ड अफ माउथको बलमा उत्कृष्ट प्रतिक्रियापाउन सफल भएको थियो । हाउसफूलको स्थितिमा पुगेपछि अहिले हलहरूले शो थपिरहेका छन्, जसले गर्दा मल्टिप्लेक्सहरूले सुरुका शोभन्दा दोब्बर शो प्रदान गरिरहेका छन् । यो चलचित्रलाई शुरुमा देशकै ठूला मल्टिप्लेक्स चेन क्यूएफएक्सले काठमाडौं र बाहिर गरेर कुल ३८ शो दिएको थियो । तर उच्च मागका कारण आज क्यूएफएक्सले काठमाडौंमा ३१ र बाहिर ३३ गरी कुल ६४ शो उपलब्ध गराएको छ । यसका साथै अन्य हलहरूले पनि सुरुवातमा तीन-तीन शो मात्र दिएका थिए भने अहिले सात शोसम्म थपेका छन् ।

'पूर्ण बहादुरको सारङ्गी'ले दर्शकको अभूतपूर्व साथ पाएसँगै केही हलहरूले मध्यरातसम्म शो राख्नुपरेको र धेरै शोहरू 'फिलिङ फास्ट' भएको समेत बताएका छन् । चलचित्रको प्राप्त शोमध्ये सबैको अकुपेन्सी ८० देखि १०० प्रतिशतसम्म देखिन्छ ।

मोसन पोस्टर सार्वजनिक भएदेखि नै आम दर्शक र फिल्मकर्मीको चासो बढाउन सफल भएको यो सिनेमाको पहिलो प्रदर्शनमै दर्शकहरू भावविभोर भएर हँदै हलबाट बाहिरिएको दृश्यले यसको प्रभाव गहिरो रहेको संकेत गर्छ भने यसले सफलताले नेपाली चलचित्र क्षेत्रमा सकारात्मक उत्साह ल्याएको दर्शकको ध्यान अझै तान्दै जाने अपेक्षा गरिएको छ । प्रदर्शनको सुरुवातसँगै निर्माण टिम र चलचित्रका कलाकार दर्शकसँग साक्षात्कार गर्न राजधानीका विभिन्न सिनेमा घर पुगिरहेका छन् । त्यस क्रममा अधिकांश दर्शकहरूलाई चलचित्र कस्तो लाग्यो भनेर प्रश्न गर्दा उनीहरूले भन्ने गरेका थिए चलचित्रले धरधरी रुवायो१ चलचित्र हेरेर हलबाट निस्कँदै गरेका दर्शकले आँखा भरी आँसु लिएर फिर्किएको देखिन्छ । सिनेमाको कथावस्तु, कलाकारहरूको दमदार अभिनयले 'पूर्ण बहादुरको सारङ्गी' लाई नेपाली फिल्म उद्योगमा एउटा प्रभावशाली सिनेमा बन्न सक्ने विश्वास दिलाएको छ ।

बाबु-छोराको सम्बन्धलाई विशेष ध्यान दिएको सिनेमाले गन्धर्व समुदायको सांस्कृतिक महत्व र अस्तित्व जोगाउन खोज्दा समाजले हेर्ने फरक दृष्टिकोणलाई उजागर गरेको छ। निम्न वर्गका परिवारले माथि उठ्न खोज्दा हुनेखानेहरूले गर्ने व्यवहारलाई पनि सिनेमामा देखाइएको छ ।

यस विषयमा दर्शकहरूले सामाजिक सञ्जालमा विभिन्न सकारात्मक प्रतिक्रिया दिएका छन् । यस्तै, समीक्षकहरूले सिनेमा सराहना गरेका छन् । सेभेन सिस सिनेमा र बासुरी फिल्मसको प्रस्तुति रहेको सिनेमामा विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, आलिस बास्तोला, स्वायम् केसी, जान्वी पौडेललगायतको अभिनय छ । चलचित्रका निर्माता विनोद पौडेल र प्याट्रिक सुवेदी हुन् । सिनेमामा रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल कार्यकारी निर्माताका रूपमा रहेका छन् ।

चलचित्रको पटकथा तथा संवाद महेश दवाडीले लेखेका छन् । सिनेमा मा प्रशान्त सिवाकोटीको संगीत, हेमन्त कान्छा रसाइलीको सारङ्गी, प्रशान्त सिवाकोटी, मेलिना राई र पुष्पन प्रधानको स्वर रहेको छ । यो सिनेमालाई नेपाल र अन्तर्राष्ट्रिय रूपमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गरेको हो । *-हाम्राकुरा डटकम*

# सकियो तिहार, सुरु भयो छठको रौनक





**पाल्पा,** कार्तिक २०/यसपालिको हिन्दु नेपालीहरुको दोस्रो महान पर्व तिहार सकिएको छ । आइतबार भाइटीका लगाएसँगै तिहार पर्व सकिएको हो ।

दिदीबहिनीले आफ्ना दाजुभाइलाई श्रद्धा, आस्था र निष्ठाका साथ दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गर्दै परम्पराअनुसार सप्तरङ्गी टीका लगाएर भाइटीका मनाएका थिए । दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि दाजुभाइले पनि दिदीबहिनीलाई टीका लगाइदिएका थिए । तिहार सकिएसँगै छठपर्वको रौनक सुरु भएको छ । सन्तान प्राप्ति, रोग निदान र पारिवारिक कल्याणका लागि मनाइने छठपर्वलाई अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने पर्वको रुपमा लिइन्छ । विशेषगरी तराई-मधेसमा छठको रौनक शुरु भएको छ । लक्ष्मीपूजाको चार दिनपछि अर्थात् कात्तिक शुक्लपक्षको चौथी तिथिका दिनबाट छठपर्व विधिवत् रूपमा आरम्भ हुन्छ । विभिन्न पोखरी तलाउमा पनि छठपर्वको दिन छठी माताको पूजा अर्चना गरिन्छ । विहीबार छठको मुख्य दिन हो ।

छठको पहिलो मंगलबार नहाय खाय, बुधबार खरना, बिहीबार अस्ताउँदै गरेको सूर्यलाई अर्घ्य दिइन्छ भने शुक्रबार उदाउँदै गरेको सूर्यलाई अर्घ्य दिएपछि छठपर्व सम्पन्न हुनेछ । यस पर्वमा प्रयोग हुने विभिन्न सामग्री किन्न बजारमा चहलपहल बढेको हो । आदिदेव सूर्यलाई अर्घ्य दिन मिथिलाञ्चलका नदी, तलाउ, पोखरी, इनारलगायत जलाशयको किनारमा घाट बनाएर विशेष रूपले सिँगारिँदै छ । चार दिनसम्म मनाइने छठपर्वको पहिलो दिन व्रतालुहरू नुहाएर अरबा अरबाइन भोजन गर्ने गर्छन् भने दोस्रो दिन साँझ प्रसादका रूपमा चामल, सक्खर र दूध मिलाएर बनाएको खीर ग्रहण गरी खरना गर्छन् । त्यस्तै तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिन तयार पारेको पूजा सामग्री घाटमा लगेर पूजा गर्ने गरिन्छ भने चौथो दिन बिहान उदाउँदो सूर्यको अर्घ्य दिएपछि छठपर्वको विधिवत समापन हुन्छ ।

कृषि प्रधान देशमा यो पर्व कृषि सामग्रीसँग पनि जोडिएको छ । अन्न बाली उत्पादन भएर किसानको घरमा भित्रिने यो समय देवतालाई ती अन्न चढाउने अवसरका रूपमा समेत उपयोग गरिँदै आएको छ ।

पछिल्लो समय पहाडी जिल्लामासमेत धूमधामका साथ छठ पर्व मनाउन थालिएको छ । यस दिन सरकारले समेत सार्वजनिक बिदा दिएको छ ।

# लुम्बिनी प्रदेशको...

...उनले केही दिन अघि तानसेनमा सय दिने उपलब्धी सार्वजनिक गर्दै पदमा रहेसम्म स्वास्थ्य क्षेत्रको सुधारमा कटिवद्ध भएर लाग्ने बताएका हुन् । मन्त्री सारुले स्वास्थ्य क्षेत्रको पुराना संरचनालाई व्यवस्थित गर्ने र सेवालाई सहज बनाउन ध्यान केन्द्रित उल्लेख गरे । उनले अहिलेको राजनीतिक अस्थिरताका कारण नयाँ पूर्वाधार निर्माणमा भन्दा पनि भएरहेका पूर्वाधार हरूलाई व्यवस्थित गर्दै स्वास्थ्य क्षेत्रको सुधारमा ध्यान केन्द्रित गरेको बताए । उनले सरकारी अस्पतालमा बेडको अभाव हटाउने, सहुलियत रूपमा औषधी वितरण हुनुपर्ने भएकाले आफू निरन्तर अनुगमनमा हिँडेको र केही सुधारका संकेत प्राप्त भएको बताए । मन्त्री सारुले स्वास्थ्य बीमामा देखिएको समस्यालाई पनि समाधान गर्ने गरि अघि बढेको दाबी गरे । नागरिकमा बढ्दै गएको निराशालाई आशामा रुपान्तरण गर्न, प्रदेश सरकारको भूमिकालाई स्थापित गर्न, सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन प्रदेश सरकार र मन्त्रालय सफल भएको मन्त्री सारुले बताए । 'एक सय दिनको अवधिमा नीतिगत एवं कानूनी सुधार, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, विकास कार्यको व्यवस्थापन, वित्तीय क्षेत्र सुधार, सूचना प्रविधिको विकास र प्रयोग, जनगुनासो व्यवस्थापन जस्ता विषयका क्षेत्रलाई उच्च प्राथमिकता दिई कार्यसम्पादन गरेका छौं 'उनले भने । कार्यक्रममा संघीय सांसदहरु ठाकुर गैरे, नारायण आचार्य, प्रदेश सांसदहरु राजु श्रेष्ठ, इन्द्र गहतराज, पत्रकार महासंघका अध्यक्ष रेखीराम राना, जिल्लाका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, जनप्रतिनिधि, पत्रकार लगायतले मन्त्री सारुले छोटो समयमा गरेका उपलब्धिहरु प्रशंसनिय रहेको भन्दै कार्यान्वयनमा जोड आग्रह गरे ।

मन्त्री सारुको अध्यक्षता, उनका स्वकीय सचिव सुदर्शन पाण्डेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# तानसेनमा ...

...बहस कार्यक्रममा वार्षिक युवा लक्षित कार्यक्रमको अवस्था, त्यसले पारेको प्रभाव (स्वरोजगार, उद्यमी) र विदेशबाट फर्किएका युवाहरुको व्यवस्थापन, विदेशिन बाध्य युवाहरुलाई स्वदेश मै बस्ने वातावरण निर्माणमा पालिकाहरुले गरेका काम र भावि योजना र पालिका प्रमुखहरुको प्रतिवद्धता समेत लिइने छ । बहसमा तानसेन नगरपालिका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्माङ्गत भट्टराई, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी, रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायण बहादुर कार्की, तिनाउ गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठसँग युवाहरुले प्रश्न सोध्ने छन् ।

सहभागी पालिका प्रमुखहरुले युवाहरुको सुझाव र अपेक्षाहरुलाई सम्बोधन गर्दै समाजका विभिन्न क्षेत्रहरुमा सुधारका लागि ठोस योजना र पहलहरु बारे स्पष्ट पार्ने छन् । उक्त कार्यक्रमको सञ्चारकर्मी श्री पाण्डेले सहजीकरण गर्ने जेसिजले जनाएको छ । जेसिजका जिल्ला अध्यक्ष अर्जुन कार्कीको अध्यक्षता, कार्यकारी उपाध्यक्ष जेसी गणेश पन्थीको स्वागत, महासचिव जेसी विजय कार्कीको सञ्चालनमा पत्रकार सम्मेलन कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### प्रिमियर लिगमा फुलहमले ब्रेटफोर्डलाई हरायो



**काठमाडौं,** कार्तिक २०/इङ्लिस प्रिमियर लिग फुटबलमा फुलहमले ब्रेटफोर्डलाई हराएको छ । घरेलु मैदानमा गएराति भएको खेलमा फुलहमले ब्रेटफोर्डलाई २-१ गोलले हराएको हो ।

फुलहमको जीतमा ह्यारी विलसनले दुई गोल गरे । खेलमा ब्रेटफोर्डले सुरुवाती अग्रता बनाए पनि अन्तिम समयमा जोगाउन सकेन । ब्रेटफोर्डका लागि २४औं मिनेटमा भिटाली जनेल्टले गोल गरेर अग्रता बनाएका थिए । फुलहमका विलसनले दोस्रो हाफको थप समयमा दुई गोल गरे । जीतसँगै १० खेलबाट १५ अङ्कका साथ फुलहम तालिकाको नवौं स्थानमा उक्लिएको छ । समान खेलम १३ अङ्क रहेको ब्रेन्टफोर्ड १२ औं स्थानमा छ । तालिकामा १० खेलमा २५ अङ्कका साथ लिभरपुल शीर्ष स्थानमा छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम, ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## अर्थ/कर्पोरेट समाचार

# सुन दुई हजार आठ सयले घट्यो




**पाल्पा,** कार्तिक २०/ निरन्तर उकालो लागेको सुनको मुल्य मंगलबार घटेको छ । स्थानीय बजारमा सुनको मूल्य प्रतितोला दुई हजार आठ सयले घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाला सुन प्रतितोला एक लाख ६८ हजार दुई सय तोकिएको छ । यसअघि यही कात्तिक १५ गते छापावाला सुन प्रतितोला एक लाख ७१ हजारमा खरिदबिक्री भएको थियो ।

यस्तै चाँदीको मूल्यमा प्रतितोला ६० ले घटेको छ । महासंघले एक तोला चाँदीको मूल्य दुई हजार ३० तोकेको छ । यसअघि चाँदी प्रतितोला दुई हजार ९० मा कारोबार भएको थियो ।





हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई